सूचनाको हक सम्बन्ध ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरीएको

आ.व.२०८१/८२ को पहिलो त्रैमासिक

# स्वत प्रकाशन

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,

## परियोजना कार्यान्वयन एकाई, सिन्धुली

सरकारी निकायले स्वत प्रकाशन **(Pro -active disclosure)** गर्नु पर्ने विवरण सम्वन्धि निर्देशिका २०७१ बमोजिम

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संक्षिप्त जानकारी

# १. परियोजनाको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरणमार्फत समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका लागि कृषि क्षेत्रको दीर्घकालीन "कृषि विकास रणनीति" को कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा आन्तरिक संस्थागत जनशक्तिबाट दस्तावेज तयार भई नेपाल सरकारको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/९/२६ को निर्णय बमोजिम देशभर सञ्चालन हुने गरी आर्थिक वर्ष २०७३/७४ देखि यस परियोजना कार्यान्वयनमा रहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहने गरी १० वर्षसम्म सञ्चालन हुने यस परियोजनाको कूल लागत १ खर्ब ३० अरब ७४ करोड २० लाख रहेको छ ।

### १.२ परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

**सोचः**

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने ।

**लक्ष्यः**

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्यहरूः**

- प्रमुख कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण गर्ने,
- निर्यातयोग्य कृषिवस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, र
- बहुसरोकारवाला निकायहरू बीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

### १.३ परियोजनाका रणनीतिहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्न अनुसारका रणनीतिहरू अवलम्बन गर्नेछ ।

१. भूमिको वैज्ञानिक उपयोग,
२. आधुनिक कृषि प्रविधिहरूको अवलम्बन,
३. कृषिमा यान्त्रिकीकरण,
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास,
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण,

६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन,
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि,
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ।

## १.४ परियोजनाका सम्भागहरू

१. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम,
२. व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम,
३. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम,
४. वृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम ।

यी सम्भागहरूमा कृषि सामग्री आपूर्ति व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार विकास सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढिकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरू सेवा करार, कृषिजन्य उद्योगहरू स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलगायतका कार्यक्रम सञ्चालन भइरहेका छन् । आ.व. ०७६/७७ मा १५९६ पकेट र २७० ब्लक सञ्चालनका लागि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि ज्ञान केन्द्रहरूमा बजेट तथा कार्यक्रम हस्तान्तरण भएको थियो भने परियोजना कार्यान्वयन एकाइहरूमार्फत विभिन्न बाली वस्तुहरूमा १०६ वटा जोनहरू तथा १६ सुपरजोनहरूमा स्वीकृत कार्यक्रम बमोजिमका विभिन्न क्रियाकलाप सञ्चालन भएका थिए । साथै परियोजना कार्यान्वयनमा संलग्न केन्द्रीय निकायहरूः उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, पशु सेवा विभाग र अन्तरगतका पशु प्रजनन केन्द्र, जिरीमा विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए ।

## १.५ परियोजना सञ्चालनको अवधारणा

१. कृषियोग्य जमिनको चक्लाबन्दी,
२. विशिष्टिकृत व्यावसायिकरण,
३. उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास,
४. अन्तर्राष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धी कृषि औद्योगिकीकरण,
५. उपलब्धिमा आधारित सहजीकरण (Smart Output Based Facilitation)

## १.६ परियोजना सञ्चालन गर्ने निकाय

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय


## परियोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न अन्य निकायहरू

- उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय


## सहयोगी निकायहरू

- अर्थ मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- सहरी विकास मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १.७ अवधारणा ढाँचा (Conceptual Framework)



## १.८ परियोजनाको संस्थागत संरचना




### १.पृष्ठभुमिः

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, सिन्धुली:

वि.सं. २०७३ सालमा यस जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत जुनार कृषकहरु माझ कृषि प्रसार गर्नका लागि जुनार जोनको स्थापना गरियो । सोही कार्यालयको क्षेत्राधिकार बृहत् बनाइ यसलाई आ.व. २०७४/७५ बाट जुनार सुपरजोनको रुपमा स्तरोन्नति र आ.ब. २०७८/०७९ मा अदुवा वेसार जोनको कार्यक्रम संचालन गरियो । हाल, सिन्धुली जिल्लाका ४वटा स्थानीय तहहरुका विभिन्न ९ वटा वडाहरुमा र अदुवा वेसार जोन मा ३ वटा स्थानीय तहका ११ वटा वडा हरुमा यस कार्यालयले आफ्ना गतिविधिहरु अघि बढाइरहेको छ ।

यसका साथै यस जिल्लामा विभिन्न गैर सरकारी संस्थाहरु, कृषक समूह, सहकारी, उद्यमीहरू कृषि क्षेत्रमा सकृय रहेका छन् ।

# २. प्रधानमन्त्री कृषि आधुनिकीकारण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिन्धुली

## आ.व २०८१/८२ मा संचालन हुने कार्यक्रमको बार्षिक कार्ययोजना

| क्र.स | क्रियाकलाप | एकाइ | परिमाण | बार्षिक बजेट (रु लाख) | लक्षित त्रैमासिक (१, २, ३, ४) | कार्यान्वयन हुने स्थान/क्षेत्र | आवश्यक सामग्री खरिद गर्नु पर्ने भएमा | जिम्मेवारी | कैफियत-कार्यान्वयन खाका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ल्यापटप खरिद | संख्या | १ | १ | १ | प.का.ए. सिन्धुली | ल्यापटप | खरिद एकाई | खरिद |
| २ | Printer | संख्या | १ | ०.५ | १ | प.का.ए. सिन्धुली | Printer | खरिद एकाई | खरिद |
| ३ | डिजिटल माइक्रोस्कोप क्यामेरा खरिद | संख्या | १ | १ | १ | प.का.ए. सिन्धुली | डिजिटल माइक्रोस्कोप क्यामेरा खरिद | खरिद एकाई | खरिद |
| ४ | फर्निचर तथा फर्निसिङ | पटक | २ | २ | १,२ | प.का.ए. सिन्धुली | फर्निचर तथा फर्निसिङ | खरिद एकाई | खरिद |
| ५ | चाइना जुनार निर्यातका लागि आइ.पि.एम पाठशाला | पटक | १ | २.७ | २,३,४, | जुनार सुपरजोन | स्टेसनरी/तालिम व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार,आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| ६ | सरोकारवा निकाय तथा मिडिया बाट संयुक्त अनुगमन | पटक | १ | ०.८५ | २ | - | अनुगमन व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| ७ | जुनार बगैचा व्यवस्थापन स्थलगत तालिम | संख्या | २० | २.७ | २ | जुनार सुपरजोन | स्टेसनरी/तालिम व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| ८ | कर्मचारी/स्प्रेकर्ता ट्राभलिङ् सेमिनार/भ्रमण | पटक | २ | ४.६८ | २ | प.का.ए. सिन्धुली | - | प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा, | इष्टिमेट बमोजिम |
| ९ | गत आ.ब.देखि संचालित कृषक पाठशालालाई निरन्तरता | पटक | १ | १.८ | १,२ | जुनार सुपरजोन | स्टेसनरी/तालिम व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार,आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १० | विषयगत तलिमहरु/गोष्ठीहरु | पटक | १० | ६.२१ | १,२,३,४ | प.का.ए. सिन्धुली र कार्यक्षेत्र | स्टेसनरी/तालिम व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| ११ | कृषक तथा बैज्ञानिक अन्तरक्रिया | संख्या | ३ | २.७ | १,२,३ | प.का.ए. सिन्धुली र कार्यक्षेत्र | | कृ.अ, प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १२ | बार्षिक प्रगति पुस्तिका प्रकाशन | पटक | १ | ०.६४ | १ | प.का.ए. सिन्धुली | छपाई सम्बन्धि | प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १३ | मेला प्रदर्शनीहरुमा जुनार प्रवर्धन कार्यक्रम | पटक | २ | १.७ | २,३ | मेला, महोत्सव | - | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १४ | विविध अध्ययन सर्वेक्षण/प्रतिवेदन प्रकाशन | पटक | ३ | २.५५ | १,२,३ | जुनार सुपरजोन र अदुवा-बेसार जोन | सर्वे सर्विलेन्स सम्बन्धि आवश्यक सामग्री जस्तै ट्र्याप, बिषादी आदि | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १५ | रोग किरा नियन्त्रण तथा क्षेत्रगत किरा नियन्त्रण | पटक | १ | २८.०५ | ३,४ | जुनार सुपरजोन | प्रोटिन बेट लाभग्राहीले खरिद गर्ने | प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १६ | क्रप कटिङ्ग | पटक | १५ | १.२८ | २.३.४ | जुनार सुपरजोन | आवश्यक सामग्री | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राबिधिक कार्यविधि र इष्टिमेट बमोजिम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | चुन/माटो सुधार प्रदर्शन निशुल्क | पटक | १५० | ४.५ | ३,८३ | जुनार सुपरजोन | आवस्यक सामग्री | प्रविधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १८ | बगैंचा व्यवस्थापन | हेक्टर | २० | १८.७ | २,३ | जुनार सुपरजोन | आवश्यक सामग्री | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| १९ | जुनार क्षेत्र बिस्तार | हेक्टर | २१ | १७.८५ | ४ | जुनार सुपरजोन | बगैंचा स्थापना आवश्यक सामग्री | प्रविधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| २० | बाली संरक्षण सेवा | पटक | ४ | ५.१ | १,२,३,४ | जुनार सुपरजोन कार्यक्षेत्र | आवस्यक बिषादीहरु | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| २१ | कोल्ड रुम निर्माण मर्मत | संख्या | ८ | ३६ | २,३,४ | जुनार सुपरजोन | निर्माण सामग्रीहरु (लाभग्राहीले खरिद गर्ने) | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | इन्जीनियरिङ्ग इष्टिमेट बमोजिम |
| २२ | साना मेसिनरी औजार | पटक | १ | १० | २,३,४ | जुनार सुपरजोन/अदुवा-बेसार जोन | सामान्य स्प्रेयर, पावर स्प्रेयर, सिकेचर, आरा, चेन स मेसिन, भर्याङ्ग, डिजिटल काँटा र नयाँ क्रेट (लाभग्राहीले खरिद गर्ने) | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक इष्टिमेट बमोजिम |
| २३ | जुनार बगैचा व्यवस्थापन सम्बन्धि औजार तथा मेशिनरी उपकरण वितरण | पटक | १ | ३ | २,३ | जुनार सुपरजोन | (स्प्रे टंकी:१६ लि., गटर/फुट स्प्रे र पावर स्प्रे.), सिकेचर, आरो, फल टिप्ने कैची, भर्याङ्ग, झोला, लठ्ठी, प्लाष्टिक क्रेट, डिजिटल काँटा (५० र १०० केजी), जुसर मेसिन (हाते र ईलेक्ट्रिक), ठेला गाडा, ब्रश कटर (रुख काट्ने मेसिन), खाडल खन्ने मेसिन | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक इष्टिमेट बमोजिम |
| २४ | सिंचाई संरचना निर्माण तथा मर्मत | संख्या | ४३ | ६४.५ | २,३,४ | जुनार सुपरजोन/अदुवा-बेसार जोन | निर्माण सामग्रीहरु (लाभग्राहीले खरिद गर्ने) | प्रविधि बिस्तार, आर्थिक प्रशासन शाखा | इन्जीनियरिङ्ग इष्टिमेट बमोजिम |
| २५ | प्राबिधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | २.५ | ३ | प.का.ए सिन्धुली कार्यक्षेत्र | उत्पादन सामग्रीहरु जस्तै बिउ, मल , औजार आदि (लाभग्राहीले खरिद गर्ने) | कृ.अ,प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक इष्टिमेट बमोजिम |
| | अदुवा/वेसार जोन | | | | | | | | |
| २६ | अदुवा/वेसार लघुउद्यम तालिम | पटक | १ | १.७६ | २ | अदुवा-बेसार जोन | स्टेसनरी/तालिम व्यवस्थापन सामग्री | कृ.अ, प्रबिधि बिस्तार, आर्थिक प्रशासन शाखा | प्राविधिक कार्यविधि र इष्टिमेट बमोजिम |
| २७ | अदुवाको रोग कीरा व्यवस्थापन प्रविधि प्रदर्शन | संख्या | ३ | १.५३ | २,३,४ | अदुवा-बेसार जोन | रोग कीरा नियन्त्रणका लागि आबश्यक विषादी/सामाग्री खरिद | प्रविधि बिस्तार, आर्थिक प्रशासन शाखा | इन्जीनियरिङ्ग इष्टिमेट बमोजिम |

तालिका १ः परियोजना कार्यान्वयन इकाईको कर्मचारी विवरण

| क्र.सं. | पद | स्वीकृत दरबन्दी संख्या | पदपुर्तीको अवस्था | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | बरिष्ठ कृषि अधिकृत | १ | १ | - | स्थायी |
| २ | कृषि अधिकृत | १ | १ | - | करार सेवा |
| ३ | ना.सु. | १ | १ | - | स्थायी |
| ४ | लेखापाल | १ | १ | - | स्थायी |
| ५ | ना.प्रा.स | ४ | ३ | १ | स्थायी/करार |
| ६ | ओभरसियर | | १ | - | सेवा करार |
| ७ | कृषि प्रविधिक | | १ | - | सेवा करार |
| ८ | ह.स.चालक | १ | १ | - | करार सेवा |
| ९ | कार्यालय सहयोगी | २ | २ | - | करार सेवा |
| १० | सरसफाई कर्मचारी | | १ | - | करार सेवा |

तालिका २ः हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | याम कुमार श्रेष्ठ | बरिष्ठ कृषि अधिकृत | भिमसेनथापा गा.पा.-६, गोरखा | M.Sc.Ag. | स्थायी दरबन्दी |
| २. | जय प्रकाश चालिसे | लेखापाल | क.न.पा.-१०, सिन्धुली | MA | स्थायी दरबन्दी |
| ३. | लक्ष्मी पोखेल | नायब प्राविधिक सहायक | गोलन्जोर गा, पा.-७, सिन्धुली | JTA / BEd | करार सेवा |
| ४. | जहान बहादुर कार्की | कृषि प्राबिधिक | कमलामाई न.पा.-४, सिन्धुली | JTA | सेवा करार |
| ५. | दिलिप कार्की | ओभरसियर | कमलामाई न.पा.-६, सिन्धुली | diploma in Civil Engi. | सेवा करार |
| ६. | यलिना आचार्य | नायव प्राविधिक सहायक | सुनकोशी-७ | I.sc.Ag | करार सेवा |
| ७. | तुलसीराम पराजुली | हलुका सवारी चालक | गोलबजार न.पा.-१, सिराहा | SLC | करार सेवा |
| ८. | चन्द्र प्रसाद चौलागाई | कार्यालय सहयोगी | कमलामाई न.पा.-३, सिन्धुली | SLC | करार सेवा |
| ९. | जयनाथ सिंह | कार्यालय सहयोगी | मनराशिसुवा नपा-१, महोत्तरी | SLC | करार सेवा |

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १०. | गंगालाल गौतम | सरसफाई सहयोगी | कमलामाई न.पा.-३, सिन्धुली | SLC | सेवा करार |

### ३.निकायको काम, कर्तव्य र अधिकार

क) परियोजनाको कार्य क्षेत्र भित्रका बालीहरु जुनार र अदुवा बालीको रोग कीरा पहिचान तथा परीक्षण सञ्चालन गर्ने ।

ख) माटो तथा बाली संरक्षण सेवा सम्वन्धी कार्यक्रम संचालन गर्ने।

ग) नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान स्थल **(Outreach Site )**को रुपमा कार्य गर्ने ।

घ) सिन्धुली जिल्ला भित्रका प्रदेश/स्थानीय तहमा संचालित प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको शशर्त अनुदानका कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्ने।

ङ) कृषि स्नातक तथा जेटी जेटीए कोर्ष अध्ययनरत विधार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम सन्चालन गर्ने ।

च) जुनार र अदुवा बाली सम्बन्धि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने

छ) कार्यक्षेत्रका सुचिकृत कृषकहरुलाई बालीहरुको उत्पादन तथा क्षेत्र विस्तारका लागि अनुदान प्रवाह गर्ने।

ज) आफ्नो कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यबसाय सञ्चालन गर्न चाहनाहरुको लागी व्यवसाय विकास सेवा उपलब्ध गराउने ।

### ४. कार्यान्वयन पद्धति

यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम परियोजना कार्यान्वयन म्यानुअल २०७७ मा उल्लेखित कार्यविधि अनुसार अनुदानका कार्यक्रमहरु संचालन गरिने छ।

***परियोजना बाट उपलब्ध हुने सुविधाहरुः***

| क्र.सं. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामाग्रीहरुमा | बढीमा ५० प्रतिशत |
| २ | प्रविधिक सहयोग | बढीमा १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवा | बढीमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढीमा ५० प्रतिशत |
| ५ | साना सिंचाई | बढीमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय पुर्वाधारहरु | बढीमा ८५ प्रतिशत |
| | | |

## ५. कार्यालय प्रमुखको विवरण

नाम :याम कुमार श्रेष्ठ

पद : वरिष्ठ कृषि अधिकृत, रा.प.द्धि.प्रा

मोवाईलः ०४७-५९०४८७/९८५४०४१५०९

इमेल :pmamp.piu.sindhuli1@gmail.com

## ६. सुचना अधिकारीको विवरण

नाम :लक्ष्मी पोखेल

पद : नायब प्रविधिक सहायक

फोन - ०४७-५९०४८७ मोवाईलः ९८५४०४२५०९

इमेल :pmamp.piu.sindhuli1@gmail.com

## अनुदानको कार्यक्रम संचालनका लागि प्रकाशित सूचना

### आ.ब. २०८१/०८२ को कार्यक्रम संचालनको लागि आवेदन दर्ता गर्ने सम्बन्धी सूचना।

### सूचना प्रकाशित मितिः२०८१/०५/०६

आ ब २०८१/०८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, सिन्धुली अन्तर्गत तपसिलका क्षेत्रहरुमा परियोजना कार्यान्वयन म्यानुअल-२०७७ बमोजिम निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सुचिकृत रहेका ईच्छुक कृषि समूह/सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित मिति २०८१/०६/०६ गते सम्म यस परियोजना कार्यान्वयन एकाइमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिलः**

**क.अदुवा/वेसार जोनको कार्यक्षेत्रहरुः** कमलामाई न.पा. १ र २, मरिण गा.पा. २, ६ र ७ र हरिहरपुरगढी गा.पा.२, ३, ४, ५, ६ र ७

**ख. जुनार सुपरजोनको कार्यक्षेत्रहरुः** गोलन्जोर गा.पा. १ देखि ६ सम्म, कमलामाई न.पा ३, तिनपाटन गा.पा ७ र सुनकोशी गा.पा ७

**ग. कार्यक्रमहरुः**

| सि.नं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | स्वीकृत बजेट रु लाखमा | अनुदान प्रतिशत | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बगैंचा व्यवस्थापन | हेक्टर | २० | १८.७ | लागत अनुमानको बढीमा ५०% | जुनार सुपरजोन | कम्तिमा ५ रोपनी/१०० बोट संख्या हुनु पर्ने |
| २ | जुनार क्षेत्र बिस्तार | हेक्टर | २१ | १७.८५ | लागत अनुमानको बढीमा ५०% | जुनार सुपरजोन | खाडल र विरुवाको मुल्यमा अनुदान |
| ३ | कोल्ड रुम निर्माण मर्मत | संख्या | ८ | ३६ | लागत अनुमानको बढीमा ७५% | जुनार सुपरजोन | |
| ४ | जुनार बगैचा व्यवस्थापन सम्बन्धि औजार तथा मेशिनरी उपकरण वितरण | पटक | १ | ३ | लागत मुल्यको बढीमा ५०% | जुनार सुपरजोन | लि १६ःस्प्रे टंकी)., गटरफुट स्प्रे र / (.पावर स्प्रे, सिकेचर, आरो, फल टिप्ने कैची, भर्याङ्ग, प्लाष्टिक क्रेट, डिजिटल काँटा १०० र ५०) केजी), खाडल खन्ने मेसिन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | साना मेसिनरी औजार तथा उपकरणमा अनुदान | पटक | १ | १० | लागत मुल्यको बढीमा ५०% | जुनार सुपरजोन र अदुवा वेसार जोन | मिनि टिलर तथा अन्य औजारहरु |
| ६ | सिंचाई संरचना निर्माण तथा मर्मत | संख्या | ४३ | ६४.५ | लागत अनुमानको बढीमा ५०% | जुनार सुपरजोन र अदुवा वेसार जोन | |
| ७ | प्राबिधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | संख्या | १ | २.५ | लागत मुल्यको बढीमा ५०% | जिल्लाभर | प्राविधिक शिक्षालयलाई मात्र |

आवश्यक कागजातहरु

१.रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन।

२.कृषि फर्म/कृषक समूह/सहकारीको संस्था दर्ता/नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नं. **(PAN)** को प्रमाणपत्रको प्रतिलिपी।

३.आ. ब २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

४.कृषक समुह/सहकारीको हकमा संस्थाको कार्यक्रम माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि, अख्तियारनामा प्रस बा जिम्मेबारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकताको प्रतिलिपी।

५. सम्बन्धित वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

६. कार्यक्रम संचालन हुने क्षेत्र/निर्माण गरिने स्थान (जग्गा/जमिन) को आफ्नो स्वामित्व खुल्ने प्रमाण (जग्गाधनी पुर्जा) पत्रको प्रतिलिपी र मन्जुरीनामा वा भाडाको जग्गा भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्षको सम्झौतानमा।

नोटः आवेदन/प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाई, सिन्धुलीको वेबसाईट **www.piusindhul.pmamp.gov.np** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि कार्यालयको फोन नं.०४७-५९०४८७ मा सम्पर्क गर्न सकिनेछ।

## ८.सुचना प्रवाहः

- सूचनाहरु कार्यालयको फेसबुक तथा website मा राख्ने गरिएको।
- कार्यक्रमबारे कार्यलय सूचना बोर्डमा प्रकाशन, स्थानिय तहका कार्यलयहरुमा पत्राचार, पत्रपत्रिका तथा स्थानिय एफ.एम. हरुमा सूचना प्रशारण गर्ने गरिएको।
- हालसम्म कूनै लिखित माध्यमबाट सूचना माग नभएको।
- मौखिक रुपमा माग भएका सूचनाहरु मौखिक रुपमानै तुरुन्त प्रदान गरिएको।